# उपकार बचत तथा ऋण सहकारी संस्था लि. को

## ३१ औं बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट संस्थाका कोषाध्यक्ष श्री रवि घजूबाट प्रस्तुत आर्थिक प्रतिवेदन - २०८२



रवि घजू

सभाध्यक्ष महोदय,
संस्थाका सञ्चालक समितिका पदाधिकारीज्यूहरू,
लेखा सुपरिवेक्षण समितिका साथीहरू
एवं आदरणीय सदस्य महानुभावहरू,

सर्वप्रथम संस्थाको ३१ औं बार्षिक साधारण सभा भव्यताका साथ सफल बनाउनका लागि सभामा उपस्थित हुनु हुने सम्पूर्ण आदरणीय सदस्य महानुभावहरुमा हार्दिक सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु । यस सम्मानीत ३१ औं बार्षिक साधारण सभामा कोषाध्यक्षको हैसियतले यस सभा समक्ष संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ र आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सभाध्यक्ष महोदय,

गत आर्थिक वर्ष २०८१/०८२ लाई आर्थिक दृष्टिमा त्यति राम्रो मान्न सकिदैन । आर्थिक मन्दीको प्रभाव गत आ.व.मा पनि प्रभाव परेको देखिन्छ । वित्तीय क्षेत्रमा वर्ष भरी नै अधिक तरलताको अवस्था रह्यो । बैक तथा वित्तीय संस्थाहरुमा लगानी योग्य तरलता अधिक भए तापनि आशा गरे अनुसार ऋण प्रवाह गर्न सकेन र बैक तथा वित्तीय संस्थाहरुले निक्षेपको व्याज दर निरन्तर घटाउँदै लगेको अवस्था छ । अझै भनौ बैक तथा वित्तीय संस्थाहरुमा व्याज दर घटाउने प्रतिस्पर्धा नै चलेको हो की जस्तो देखियो । बैक तथा वित्तीय संस्थाहरुले निक्षेप र कर्जाको व्याज दर कम गरी नयाँ नयाँ रेकर्ड नै राखेको छ । ऋणको व्याज दरमा कमी आए तापनि अपेक्षा गरिए अनुसार ऋण प्रवाह भने हुन सकेको देखिदैन ।

त्यसै गरी नियामक निकायहरुबाट पनि विभिन्न निर्देशन तथा मापदण्ड जारी गरी बचत संकलनमा सीमा तोक्ने, बैक तथा वित्तीय संस्थाहरुले जस्तै बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरुले पनि पूँजी पर्याप्तता अनुपात कायम गर्नु पर्ने, सहकारीको छाता संगठनहरु विषयगत जिल्ला संघहरु, प्रदेश संघहरु र केन्द्रीय सहकारी संघमा जम्मा गरेको बचत निक्षेपलाई तरलतामा गणना गर्न नमिल्ने जस्ता नयाँ व्यवस्था गरेको छ भने भाखा नाघेको ऋणको गणना र ऋण नोक्सानी व्यवस्था गर्न पनि नयाँ निर्देश गरेको छ । हालसम्म सहकारी संस्थाहरले पर्ल्स अनुगमन प्रणाली अनुसार असल, शंकास्पद र खराब ऋणको लागि क्रमशः १%, ३५% र १००% ऋण नोक्सानी कोष व्यवस्था गर्दै आएकोमा नेपाल राष्ट्र बैक तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन पछि असल (किस्ता, व्याज भुक्तानी नगरेको तीन महिना ननाघेको ऋण), तीनदेखि छ महिना भाखा नाघेको ऋणलाई कमसल, छदेखि एक वर्ष भाखा नाघेको ऋणलाई शंकास्पद र एक वर्षभन्दा बढी भाखा नाघेको ऋणलाई खराब ऋण वर्गमा विभाजन गरी क्रमशः १%, २५%, ५०% र १००% ऋण नोक्सानी कोष व्यवस्था गर्नु पर्ने व्यवस्था गरेको छ । संस्थाले पनि सोही अनुसार ऋण नोक्सानी कोष व्यवस्था गरेको छ ।

सभाध्यक्ष महोदय,

अब म यस सम्मानीत सभा समक्ष संस्थाको गत आर्थिक वर्ष २०८१/०८२ को संक्षिप्त आर्थिक विवरण तथा चालु आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आयव्यय विवरण (बजेट) र बार्षिक लक्ष्यको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सबभन्दा पहिला म यस सभा समक्ष गत आर्थिक वर्ष २०८१/०८२ मा भए गरेका आर्थिक क्रियाकलापहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

१. **शेयर पूँजी :-**

आर्थिक वर्ष २०८०/०८१ मा संस्थाको शेयर पूँजी रू. ८,८८,२४,४००।- (रू. आठ करोड अठासी लाख चौविस हजार चार सय) भएकोमा गत आ.व. २०८१/०८२ मा रू. ३,५२,२००।- (रू. तीन लाख बाउन्न हजार दुई सय) कमी न्यून भई आ.व.को अन्तसम्ममा रू. ८,८४,७२,२००।- (रू. आठ करोड चौरासी लाख बहत्तर हजार दुई सय) भएको छ, जुन अघिल्लो आर्थिक वर्षाको तुलनामा ०.४% ले कमी भएको छ । पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थाको शेयर पूँजी कूल सम्पतिको तुलनामा ६.७२% रहेको छ ।

२. **बचत (निक्षेप) :**

आ.व. २०८०/०८१ मा बचत (निक्षेप) रू. १,०५,७४,९६,६००।२३ (एक अर्ब पाँच करोड चवहत्तर लाख छयानब्बे हजार छ सय रुपैया तेइस पैसा) रहेकोमा आ.व. २०८१/०८२ मा रू. ४,४७,५२,३०१।८६ (रू. चार करोड सरचालीस लाख बाउन्न हजार तीन सय एक पैसा छयासी) थप भई गत आर्थिक वर्षाको अन्तमा बचत (निक्षेप) रू. १,१०,२२,४८,९०२।०९ (रू. एक अर्ब दश करोड बाइस लाख अरचालीस हजार नौ सय दुई पैसा नौ) भएको छ । पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थाको बचत (निक्षेप) कूल सम्पतिको ७०-८०% हुनु पर्नेमा ८३.७६% रहेको छ । बचत सम्बन्धी विस्तृत जानकारी यसै प्रतिवेदन पुस्तिकाको लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएको जानकारी गराउन चाहन्छु ।

३. **ऋण लगानी र असुली :-**

गत आ.व. २०८०/०८१ मा सदस्यहरूमा रू. ५४,२९,५५,१०४।- (रू. चवन्न करोड उनान्तीस लाख पचपन्न हजार एक सय चार) ऋण लगानी रहेकोमा आ.व. २०८१/०८२ को अन्त सम्ममा रू. ९,२४,८३,३०२।- (रू. नौ करोड चौबिस लाख त्रियासी हजार तीन सय दुई) थप भई महिला ४२७ पुरूष ४४४ गरी जम्मा ८७१ जना सदस्यहरूमा रू. ६३,५४,३८,४०६।- (रू. त्रिसाठी करोड चवन्न लाख अड्तीस हजार चार सय छ) ऋण लगानीमा रहेको छ ।

आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन नेपाल वित्तीय लेखामान प्रणाली अनुसार तयार भएकोले कूल ऋण लगानीमा ऋण जोखिमका लागि गरिएको व्यवस्था र कूल असल ऋणमा पाउने व्याज ऋण हिसाबमा समायोजन गरेर देखाइएको कारण वासलातको ऋण रकममा फरक देखिएको हो ।

| क्र.स. | ऋणको प्रकार | गत ऋण लगानी | यस वर्ष लगानी | असुली | जम्मा |
|---|---|---|---|---|---|
| १ | व्यापारिक ऋण | २१६,५६७,३४२।00 | १७७,१०९,000।00 | १४९,५०९,४७८।00 | २३४,५०९,११३।00 |
| २ | हायर पर्चेज | ३,११६,९६५।00 | ३,६००,000।00 | २,३५७,३८१।00 | ४,३५९,५८४।00 |
| ३ | बचत धितो ऋण | २१,८६८,५२३।00 | ४०,७५७,000।00 | ४४,६५१,२९८।00 | १७,९७४,२२५।00 |
| ४ | घर निर्माण ऋण | १०१,२४९,९८०।00 | ५७,२५०,000।00 | ६१,२७८,१७७।00 | ९७,२२१,८०३।00 |
| ५ | शैक्षिक ऋण | ३८,३३५,९९९।00 | ३६,१५०,000।00 | ३४,६६१,०७३।00 | ३९,८२४,९२६।00 |
| ६ | कृषि ऋण | ३६,७९२,१५८।00 | २७,७३०,000।00 | २९,१३६,०१८।00 | ३५,३८६,१४०।00 |
| ७ | उपचार ऋण | २५,000।00 | ५०,000।00 | ७५,000।00 | ० |
| ८ | खरखाँचो | ३०,८३५,५७१।00 | ३४,२२४,000।00 | ३१,३४९,६७४।00 | ३३,७०९,८९७।00 |
| ९ | लघु उद्यम ऋण | ६,१३६,७१३।00 | ० | ४,६२७,३४५।00 | १,५०९,३६८।00 |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | बैदेशीक रोजगार ऋण | ३,४८३,८६८।०० | ६००,०००।०० | ३,४१६,८६६।०० | ६६७,००२।०० |
| ११ | यातायात ऋण | २,५३१,१३५।०० | २,८४०,०००।०० | २,५०५,१६२।०० | २,८६५,९७३।०० |
| १२ | घरजग्गा ऋण | ४३,८९८,६७८।०० | ७६,८००,०००।०० | २६,८२५,९७५।०० | ९३,८७२,७०३।०० |
| १३ | उपकार बिशेष ऋण | ३८,११३,१७२।०० | ६३,८००,०००।०० | ३८,०३३,२५१।०० | ७३,५३७,६७२।०० |
| | जम्मा | ५४२,९५५,१०४।०० | ५२०,९१०,०००।०० | ४२८,४२६,६९८।०० | ६३५,४३८,४०६।०० |

## ४. संस्थाको वित्तीय लगानी :-

गत आ.व. २०८०/०८१ मा छाता संगठनहरुमा शेयर रू. ४८,२०,०००।- (रू. अड्चालीस लाख बीस हजार) र आवधिक बचतमा रू. ३४,४५,००,०००।- (रू. चौतीस करोड पैतालीस लाख) समेत गरी जम्मा रू. ३५,०७,४२,२५०।३८ (पैतीस करोड सात लाख बयालीस हजार दुई सय पचास रुपैया अड्तीस पैसा) वित्तीय लगानीमा आ.व. २०८१/०८२ मा राष्ट्रिय सहकारी बैक लि.मा रू. १,००,०००।- (रू. एक लाख) शेयर थप गरिएको र रू. १०,२०,००,०००।- (रू. दश करोड बीस लाख) वित्तीय लगानी (आवधिक बचत) बाट बैक खातामा सारिएको छ । यसरी आ.व. २०८१/०८२ को अन्तमा संस्थाको वित्तीय लगानी अन्तरगत छाता संगठनहरुको शेयरमा रू.४९,२०,०००।- (रू. उनान्चालीस लाख बीस हजार) तथा एक वर्ष भन्दा कम अवधिको आवधिक बचतमा रू. २४,२५,००,०००।- (रू. चौवीस करोड पच्चीस लाख) रहेको छ । हाल प्रचलित लेखामान अनुसार एक वर्ष भन्दा कम अवधिको आवधिक (मुद्दति) बचतलाई बैक हिसाबमा लेखांकन गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारी यसै प्रतिवेदन पुस्तिकाको लेखा परिक्षण प्रतिवेदनमा उल्लेख रहेको जानकारी गराउन चाहन्छु ।

## ५. सम्पति सामान :

संस्थाको सम्पति आर्थिक वर्ष २०८०/०८१ को अन्तसम्ममा रू. ८२,४७,७६२।८८ (बयासी लाख सरचालस्स हजार सात सय बैसाठी रुपैया अठासी पैसा) भएकोमा गत वर्ष संस्थाका लागि आवश्यक भऱ्याङ्ग एक थान, प्रोजेक्टर पर्दा एक थान, क्यानन प्रिण्टर एक थान, स्क्यानर एक थान, सिसि क्यामेरा तीन थान तथा काउण्टरका लागि काउण्टर टेबल एक थान खरिद गरियो । संस्थाले प्रयोग गर्दै आएको कोर बैकिङ्ग प्रणालीमा गो-ए.एम.एल., चेक व्यवस्था प्रणाली, विद्युतीय कागजात व्यवस्थापन प्रणाली र कनेक्ट आईपिएस प्रणाली थप गरेको छ । साथै संस्थाको हलमा तल्ला थप गरेको सहित आ.व. २०८१/०८२ मा रू. ४४,६३,४१५।०७ (चवालीस लाख त्रिसाठी हजार चार सय पन्ध्र रुपैया सात पैसा) सम्पत्ति सामान खरिद गरिएको छ भने आ.व. २०८१/०८२ को ह्रासकट्टी सहित आ.व.को अन्त्यमा रू. १,४७,३६,९८६।८८ (एक करोड सड्चालीस लाख छत्तीस हजार नौ सय छयासी रुपैया अठासी पैसा) पुगेको छ ।

## ६. आय व्यय विवरण :

संस्थाले आ.व. २०८१/०८२ मा व्याज आम्दानी रू. ६,२२,३३,६७३।- (छ करोड बाईस लाख तेतीस हजार  छ सय त्रिहत्तर) र आ.व. २०८१/०८२ को ऋणमा पाउन बाँकी व्याज रू. १,८८,०१५।- ( एक लाख अठासी  हजरु पन्ध्र) समेत गरी कूल व्याज आम्दानी रू. ८,७५,८०,२६५।५३ (आठ करोड पचहत्तर लाख असी हजार दुई सय पैसाठी रुपैया त्रिपन्न पैसा), वित्तीय लगानीबाट व्याज रू. २,४४,४५,६०७।५३ (दुई करोड चवालीस लाख पैतालीस हजार छ सय सात रुपैया त्रिपन्न पैसा), ऋण संरक्षण शुल्क, कमीशन समेत बापत रू. ५६,९९,३१३।९४ (छपन्न लाख उनान्सय हजार तीन सय तेह्र रुपैया चौरानब्बे पैसा) र अन्य आम्दानी रू. ३,६८,४४३।०३ (तीन लाख अरसाठी हजार चार सय

त्रिचालीस रुपैया तीन पैसा) गरी कूल रू. ९,३६,४८,०२२।५० (नौ करोड छत्तीस लाख अरचालिस हजार बाईस रुपैया पचास पैसा) आम्दानी गरेको छ भने खर्च तर्फ वित्तीय खर्च (व्याज खर्च) रू. ६,२७,७७,५४४।- (छ करोड सताईस लाख सतहत्तर हजार पाँच सय चवालीस), कार्यक्रम तथा प्रशासनिक खर्च रू. १,०५,६८,२६६।३२ (एक करोड पाँच लाख अरसाठी हजार दुई सय छैसाठी रुपैया बत्तीस पैसा) र ऋण नोक्सानी व्यवस्था थप बापत रू. २६,८३,९२३।३२ (छबीस लाख त्रियासी हजार नौ सय तेईस रुपैया बत्तीस पैसा) गरी कूल खर्च रू. ७,६१,१९,७३३।६४ (सात करोड एकसाठी लाख उनाईस हजार सात सय तेतीस रुपैया चौसाठी पैसा) भई रू. १,७५,२८,२८८।८६ (एक करोड पचहत्तर लाख अठाईस हजार दुई सय अठासी रुपैया छयासी पैसा) बचत (नाफा) भएको छ । कुल बचत ( नाफा) लाई आयकर ऐन अनुसार १० प्रतिशत कर रू. १७,५२,८२८।८९ (सत्र लाख बाउन्न हजार आठ सय अठाईस रुपैया उनानब्बे पैसा) छुट्याई बाँकी बचत (नाफा) लाई सहकारी ऐन तथा संस्थाको विनियम अनुसार विभिन्न कोषहरूमा विभाजन गरिएको छ ।

**७. जगेडा कोष तथा अन्य कोषहरू :-**

सहकारी ऐन २०७४ र नियमावली २०७५ ले बचत (नाफा) को कम्तीमा २५% जगेडा कोष छुट्याई बाँकीबाट कम्तिमा २५% संरक्षित पूँजी फिर्ता कोष र ०.५ (शुन्य दशमलव पाँच) प्रतिशत सहकारी प्रवर्द्धन कोष छुट्याई बाँकी रहेको रकमबाट अन्य कोषमा विभाजन गर्नु पर्ने व्यवस्था गरेको छ । सोही अनुसार आ.व. २०८१/०८२ को बचत (नाफा) बाँडफाँड पश्चात् संस्थाको जगेडा कोषमा रू. ९,६८,४८,३५७।६८ (नौ करोड अड्साठी लाख अरचालीस हजार तीन सय सन्ताउन्न रुपैया अरसाठी पैसा), शेयर लाभांश कोषमा रू. ५४,००,५३२।९४, (चवन्न लाख पाँच सय बत्तीस रुपैया चौरानब्बे पैसा), संरक्षित पूँजी फिर्ता कोषमा रू. ३०,२०,४३२।०१ (तीस लाख बीस हजार चार सय बत्तीस रुपैया एक पैसा), तथा अन्य कोषहरू रू. १,०७,४४,२९५।५२ (एक करोड सात लाख चवालीस हजार दुई सय पन्चानब्बे रुपैया बाउन्न पैसा) गरी जगेडा तथा अन्य कोषमा जम्मा रू. ११,६०,१३,६१८।१५ (एघार करोड साठी लाख तेह्र हजार छ सय अठार रुपैया पन्ध्र पैसा) भएको व्यहोरा जानकारी गराउन चाहन्छु । कोष सम्बन्धी विस्तृत विवरण लेखा परिक्षण प्रतिवेदनमा समावेश गरिएको व्यहोरा पनि जानकारी गराउन चाहन्छु ।

**८. तरलता :**

संस्थाको कारोबारका लागि आवश्यक तरलता व्यवस्थापनका लागि संस्थाले विभिन्न बैंक तथा संस्थाको छाता संगठनहरूमा खाता खोली कारोबार गर्दै आएको छ । संस्थाले आर्थिक वर्ष २०८१/०८२ को अन्त सम्ममा नगद रू. १९,६१,७१९।०० (उनाईस लाख एकसाठी हजार सात सय उनाईस) र विभिन्न बैंक तथा संस्थाको छाता संगठनहरूमा रहेको चालु तथा बचत खातामा रहेको रकम रू. ४२,२४,४७,८८३।४८ (बयालीस करोड चौवीस लाख सरचालीस हजार आठ सय त्रियासी रुपैया अरचालीस पैसा) र एक वर्ष भन्दा कम अवधिको आवधिक (मुद्दति) बचत रकम रू. २४,२५,००,०००।- (रू. चौवीस करोड पच्चीस लाख) समेत गरी जम्मा रू. ६६,४९,४७,८८३।४८ ( छैसाठी करोड उनान्चास लाख सड्चालीस हजार आठ सय त्रियासी रुपैया अरचालीस पैसा) तरलता रहेको छ । तरलता सम्बन्धी जानकारी लेखा परिक्षण प्रतिवेदनमा समावेश गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**९. कुल सम्पति :**

आ.व. २०८१/०८२ को अन्त्य सम्ममा संस्थाको कूल वासलात (कूल सम्पति) रू. १,३१,६०,१०,८४३।९६ (एक अर्ब एकतीस करोड साठी लाख दश हजार आठ सय त्रिचालीस रुपैया छयानब्बे पैसा) भएको छ ।

**१०. कर सम्बन्धी व्यवस्था :-**

आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन अनुसार कूल बचत (नाफा) को १०% का दरले रू. १७,५२,८२८।८९ (सत्र लाख बाउन्न हजार आठ सय अठाईस रुपैया उनानब्बे पैसा) आय कर व्यवस्था गरेको छ ।

विगत वर्षमा बढी दाखिला भएको आयकर रू. १,८०,६३,३०५।९७ (एक करोड असी लाख त्रिसाठी हजार तीन सय पाँच रुपैया सन्तानब्बे पैसा) र आ.व. २०८१/०८२ मा विभिन्न बैक तथा संघहरूबाट प्राप्त व्याजमा सम्बन्धित बैक तथा संघहरूले व्याज कर बापत कट्टी गरेको रकम रू. ३४,२७,११२।५२ (चौतीस लाख सताईस हजार एक सय बाह्र रुपैया बाउन्न पैसा) गरी जम्मा अग्रीम कर रू. २,१४,९०,४१८।४९ (दुई करोड चौध लाख नब्बे हजार चार सय अठार रुपैया उनान्चास पैसा) दाखिला भएको छ । आ.व. २०८१/०८२ को आयकर व्यवस्था रू. १७,५२,८२८।८९ (सत्र लाख बाउन्न हजार आठ सय अठाईस रुपैया उनानब्बे पैसा) मिलान पश्चात् रू. १,९७,३७,५८९।६० (एक करोड सन्तानब्बे लाख सैतीस हजार पाँच सय उनानब्बे रुपैया साठी पैसा) बढी आय कर दाखिला भएको छ । आ.व. २०८१/०८२ मा संस्थाले आय कर तथा अन्य विभिन्न शीर्षकहरुमा गरी जम्मा रू. ७८,९५,२२६।०४ (अठहत्तर लाख पन्चानब्बे हजार दुई सय छबीस रुपैया चार पैसा) कर दाखिला गरेको छ । संस्थाले गत आ.व. २०८१/०८२ मा दाखिला गरेको कर सम्बन्धी विवरण निम्न अनुसार रहेको छ ।

| क्र.सं | कर विवरण | दाखिला गर्नु पर्ने कर | दाखिला गरेको कर | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|
| १ | आय कर | | | |
| | गत वर्षसम्मको बढी दाखिला | - | १८,०६३,३०५।९७ | |
| | आ.व. २०८१/०८२ को आय कर | १,७५२,८२८।८९ | - | |
| | वित्तीय संस्था मार्फत दाखिला | - | ३,४२७,११२।५२ | |
| | यस वर्षको दाखिला | - | - | (१९,७३७,५८९।६०) |
| २ | व्याज कर | ४,८५४,६३६।६४ | ३,९७३,२९१।०० | ८८१,३४५।६४ |
| ३ | लेखा परिक्षण शुल्क कर | ६,२३९।०० | १,०६२।०० | ५,१७७।०० |
| ४ | सामाजिक सुरक्षा कर | ३७९,७९१।६९ | ३३४,९५९।०० | ४४,८३२।६९ |
| ५ | लाभांश कर | ५०१,९०३।०० | ५०१,९०३।०० | - |
| ६ | भत्ता कर | ९६,१६२।०० | ७७,११०।०० | १९,०५२।०० |
| ७ | साधारण सभा यातायात खर्च कर | २२२,५९७।०० | २२२,५९७।०० | - |
| ८ | विविध कर | ८१,४५६।८२ | २०,५६९।०० | ६०,८८७।८२ |
| | जम्मा | ७,८९५,६१५।०४ | २६,६२१,९०९।४९ | (१८,७२६,२९४।४५) |

सभाध्यक्ष महोदय,

आ.व. २०८१/०८२ को सुरुदेखि नै वित्तीय क्षेत्रमा अधिक तरलताको समस्या देखिएको थियो । बैक तथा वित्तीय संस्थाहरुमा लगानी योग्य रकम बढ्दै गयो । सुरक्षित लगानी क्षेत्र पहिचान हुन नसक्दा बचत जम्मा हुने तुलनामा ऋण माग न्यून रह्यो । यसले देशमा आर्थिक मन्दीको अवस्था सृजना भएको अनुमान गर्न सकिन्छ । वित्तीय क्षेत्रमा बचत बृद्धि हुँदै जाने र ऋण लगानी हुन नसक्दा बचत र ऋणको व्याज निरन्तर कम हुदै

गएको थियो । आर्थिक मन्दीका कारण सदस्यहरुको व्यापार व्यवसायमा ह्रास आई सदस्यहरुको ऋण तिर्ने क्षमतामा पनि ह्रास आएको देखियो । यस्तो अवस्थामा संस्थाले चालु आ.व. २०८१/०८२ को कार्यक्रम तथा बजेट निर्माण गरेको थियो ।

संस्थाले आ.व. २०८१/०८२ को लागि स्रोत तथा उपयोग (वासलात) तर्फ रू. १,४०,००,००,०००।- ( एक अर्ब चालीस करोड) पुऱ्याउने लक्ष्य राखेकोमा आ.व. २०८१/०८२ को अन्त्य सम्ममा नेपाल वित्तीय प्रतिवेदनमान (एन.एफ.आर.एस.) अनुसार समायोजन पछि संस्थाको कूल वासलात रू. १,३१,६०,१०,८४३।९६ (एक अर्ब एकतीस करोड साठी लाख दश हजार आठ सय त्रिचालिस रुपैया छयानब्बे पैसा) पुगेको छ । त्यसै गरी रू. १,१०,००,००,०००।- (रू. एक अर्ब दश करोड) बचत संकलन गर्ने लक्ष्य राखेकोमा रू. १,११,१५,२५,०२५।८१ (एक अर्व एघार करोड पन्ध्र लाख पच्चीस हजार पच्चीस रुपैया एकासी पैसा) पुगेको छ भने शेयर पूँजी, ऋण लगानी, स्थीर सम्पतिमा लक्ष्य अनुसार प्रगति हुन सकेन । संस्थाले गत आ.व.मा बाँडफाँड गरिएको तर खर्च नभएका अनिवार्य कोषहरुलाई नियमानुसार संस्थाको जगेडा कोषमा समायोजन गरेको छ । त्यसै गरी आम्दानी खर्च (आय व्यय) तर्फ आ.व. २०८१/०८२ मा कूल आम्दानी रू. १३,८९,२५,०००।- (तेह्र करोड उनानब्बे लाख पच्चीस हजार रुपैया) गर्ने लक्ष्य राखेकोमा नेपाल वित्तीय प्रतिवेदनमान (एन.एफ.आर.एस.) अनुसार व्याज आम्दानी समायोजन पछि कूल आम्दानी रू. ९,३६,४८,०२२।५० (नौ करोड छत्तीस लाख अरचालीस हजार बाईस रुपैया पचास पैसा) आम्दानी भएको छ ।

ऋण लगानीमा व्याज आम्दानीतर्फ लक्ष्यको ६१.४२% मात्र प्रगति भई व्याज आम्दानी रू. ६,३३,२२,६७३।- (छ करोड तेतीस लाख बाईस हजार छ सय त्रिहत्तर) मात्र भएको छ । लक्ष्य अनुसार ऋण लगानी हुन नसकेको, लगानीमा रहेको ऋणको व्याज पनि निरन्तर घट्दो क्रममा रहेको कारण व्याज आम्दानीमा लक्ष्य अनुसार प्रगति हुन नसकेको हो । सदस्यहरुमा ऋण लगानी हुन नसकेको कारण संस्थामा जम्मा भएको बचतलाई व्यवस्थापन गरी बैंक, वित्तीय संस्थाहरु तथा छाता संगठनहरुमा वित्तीय लगानी बढी भए तापनि उक्त संस्थाहरुबाट पनि कम व्याज प्रदान गरेको कारण वित्तीय आम्दानी पनि बढ्न नसकेको हो । आ.व. २०८१/०८२ मा वित्तीय क्षेत्रमा अधिक तरलताका कारण वित्तीय संस्थाहरुमा निरन्तर व्याज घट्दो क्रम रह्यो ।

त्यसै गरी अनुमानित व्ययतर्फ अनुमानित व्याज खर्चको लक्ष्य भन्दा पनि ३०.६३% कम अर्थात् रू. ६,२७,७७,५४४।- (छ करोड सताईस लाख सतहत्तर हजार पाँच सय चवालीस रुपैया) खर्च भएको छ । बचत लक्ष्य अनुसार नै संकलन भएको र बचतको व्याज घटेको कारण व्याज खर्च लक्ष्य भन्दा कम भएको हो । सञ्चालन खर्च तर्फ लक्ष्यको ७१.१४% अर्थात रू. ९१,७२,३२६।६८ (एकानब्बे लाख बहत्तर हजार तीन सय छवीस रुपैया अरसाठी पैसा), सामुदायिक खर्च तर्फ लक्ष्यको ६७.६८% अर्थात रू. १,२३,०५०।- (एक लाख तेइस हजार पचास), कार्यक्रम खर्च तर्फ ४७.८२% अर्थात रू. १३,६२,८८९।६४ (तेह्र लाख बैसाठी हजार आठ सय उनानब्बे रुपैया चौसाठी पैसा) भएको छ ।

सभाध्यक्ष महोदय,

अव म यस सम्मानीत साधारण सभा समक्ष चालु आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय व्यय विवरण (बजेट) प्रस्तुत गर्न चाहन्छु ।

संस्थाको आर्थिक नीतिको दफा १० (२) बमोजिम संस्थाको मिति २०८२ जेष्ठ ५ गते बसेको सञ्चालक समितिको बैठकले संस्थाका सचिव तुल्सीकृष्ण छुँजूको संयोजकत्वमा कोषाध्यक्ष रवि घजू, सञ्चालकद्वय योगेन्द्र कुमार दुवाल र नानीछोरी बाडे सदस्य तथा व्यवस्थापक सदस्य सचिव रहनु भएको आर्थिक वर्ष २०८२/०८३ को 'कार्यक्रम तथा बजेट मस्यौदा उप-समिति' गठन गरेको थियो । विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम तथा बजेट निर्माणका लागि संस्थाका विभिन्न उप-समितिहरुबाट उप-समितिहरुले गर्ने कार्यक्रमका सम्बन्धमा सुझाव संकलन गरिएको थियो । उक्त कार्यक्रममा संस्थाका विभिन्न उप-

समितिहरुबाट प्राप्त सुझावहरु तथा विगत वर्षहरुमा सञ्चालन गरेका कार्यक्रमहरुको समीक्षा गरी यस आर्थिक वर्षको लागि कार्यक्रमहरु तय गरिएको छ ।

गत आ.व. २०८१/०८२ मा अधिक तरलताको सामना गर्नु परेको थियो भने चालु आ.व.मा पनि त्यस्तै अवस्था कायम नै छ र चालु आर्थिक वर्ष भर पनि यो अवस्था कायम हुने देखिन्छ । वित्तीय बजार अनुसार बचतमा प्रतिस्पर्धात्मक व्याज दिने र ऋणमा बाणिज्य बैक सरह व्याज कायम गर्ने प्रयास गर्ने गरिनेछ । साथै ऋणको व्याज दरमा बैक तथा वित्तीय संस्थाहरु भन्दा पनि कम गरी ऋण लगानीमा विशेष व्यवस्था गरिनेछ । यसले सदस्यहरुमा ऋण लगानी बढ्ने अनुमान गरेको छु ।

सहकारी क्षेत्रमा युवाहरुको आकर्षण बढाउनका लागि यस संस्थाले पनि आधुनिक प्रविधिहरुको प्रयोगमा विशेष जोड दिइनेछ । सदस्यहरुको माग अनुसार संस्थाका ३५ वर्षसम्मका सदस्यहरुलाई एक वर्षसम्म निःशुल्क स्मार्ट मोबाईल बैकिङ्ग सेवा उपलब्ध गराइनेछ । साथै युवा सदस्यहरु (३५ वर्षसम्मका) ले कुनै पनि व्यापार व्यवसाय सञ्चालन गर्नका लागि ऋण माग गरेमा रू. १०-३० लाखसम्मको ऋणमा प्रचलित व्याज दरमा १% सम्म व्याज दरमा सहुलियत प्रदान गरिनेछ ।

संस्थाले चालु आ.व.मा पनि डिजिटल बैकिङ्गलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ । संस्थाले उपलब्ध गराइएको उपकार स्मार्ट मोबाईल बैकिङ्ग सेवामा समयानुकूल सेवाहरु थप गर्दै जानेछ । सदस्यको बैक खातामा रहेको रकमलाई कनेक्ट आइपिएस (Connect-IPS), ईसेवा (E-sewa), खल्तीको माध्यमबाट सदस्यको संस्थामा रहेको खातामा रकम सार्न सकिने व्यवस्था रहेकोमा चालु आ.व.मा संस्थाको खातामा रहेको रकम बैक तथा वित्तीय संस्थामा सार्न सकिने व्यवस्था गरिनेछ । त्यसै गरी हाल परिक्षणमा रहेको संस्थामा रहेको सदस्यहरुको वित्तीय कारोबारको डाटालाई अझै सुरक्षित गर्न र मोबाईल बैकिङ्ग सेवा प्रभावकारी बनाउनका लागि सर्भर क्लाउड (Cloud Server) मा राखिने छ । साथै संस्थाले प्रयोग गर्दै आएको कोर बैकिङ्ग प्रणालीलाई समयानुकूल अद्यावधिक परिष्कृत गर्दै जानेछ ।

संस्थाले बार्षिक रुपमा उप-समितिहरुको सक्रियतामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएकोमा चालु आ.व. २०८२/०८३ मा पनि उप-समितिहरुबाट मार्फत सञ्चालन हुने कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिनेछ ।

चालु आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम तथा बजेट मस्यौदालाई मिति २०८२ श्रावण ९ गते बसेको सञ्चालक समितिको बैठकले संस्थाको आर्थिक नीतिको दफा ३ (ख) बमोजिम चालु आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम पारित गरेको थियो । संस्थाको संशोधित चार बर्षिय व्यावसायिक रणनीतिक योजना अनुसार चालु आ.व. २०८२/०८३ को अनुमानित वासलात (स्रोत तथा उपयोग) रू. १,३८,२५,००,०००।- (एक अर्ब अरतीस करोड पच्चीस लाख) तथा आयव्यय तर्फ आम्दानी रू. ११,२०,१८,५००।- (एघार करोड बीस लाख अठार हजार पाँच सय रुपैया) र खर्च रू. ८,७०,१८,५००।- ( आठ करोड सतरी लाख अठार हजार पाँच सय रुपैया) भई रू. २,७०,००,०००।- (दुई करोड सतरी लाख रुपैया) बचत (नाफा) हुने अनुमानित आय व्यय (बजेट) विवरण सञ्चालक समितिको सोही बैठकबाट पारित गरी अनुमोदनका लागि यस सम्मानीत ३१ औं साधारण सभा समक्ष पेश गरेको छु ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा आय व्यय (आम्दानी खर्च) को अनुमानित आम्दानी तर्फ ऋणको व्याजबाट रू. ८,०२,००,०००।- (रू. आठ करोड दुई लाख), लगानीवाट व्याज रू. २,५०,००,०००।- (रू. दुई करोड पचास लाख), लाभांशबाट रू. ३,००,०००।- (रू. तीन लाख), ऋण सुरक्षण शुल्क रू. ५५,००,०००।- ( रू. पचपन्न लाख) र अन्य रू. १०,१८,५००।- (रू. दश लाख अठार हजार पाँच सय) गरी जम्मा रू. ११,२०,१८,५००।- (रू. एघार करोड बीस लाख अठार हजार पाँच सय) हुने अनुमान गरेको छु । सहकारी सिद्धान्त अनुसार संस्थाले पूरा गर्नु पर्ने सामाजिक उत्तरदायित्व तथा सदस्यहरुका लागि विभिन्न सीपमूलक,

आयमुलक तालिमहरू सञ्चालन गर्ने गरी विगत वर्षहरूमा जस्तै संस्थाको खर्चलाई विभाजन गरी बजेट विनियोजन गरेको छु । जस अनुसार वित्तीय (व्याज) खर्च रू. ६,८५,५८,०००।- (रू. छ करोड पचासी लाख अन्ठाउन्न हजार), सञ्चालन (प्रशासनिक) खर्च रू. १,५२,५८,७००।- (रू. एक करोड बाउन्न लाख अन्ठानब्बे हजार सात सय), सामुदायिक विकास खर्च रू. २,०६,८००।- (रू. दुई लाख छ हजार आठ सय) र कार्यक्रम खर्च रू. २९,५५,०००।- (रू. उनान्तीस लाख पच्पन्न हजार) गरी जम्मा रू. ८,७०,१८,५००।- (रू. आठ करोड सत्तरी लाख अठार हजार पाँच सय) खर्च भई रू. २,५०,००,०००।- (रू. दुई करोड पचास लाख) बचत (नाफा) हुने अनुमान गरेको छु ।

चालु आर्थिक वर्ष २०८२/०८३ को अनुमानित स्रोत तथा उपयोग (वासलात) र अनुमानित आम्दानी खर्च (आय व्यय विवरण-बजेट) सम्बन्धी विस्तृत विवरण यसै प्रतिवेदन पुस्तिकामा समावेश गरेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

यसै गरी लेखा परिक्षक श्री बि.आर.बि.एस. एण्ड एसोसिएट्स (चार्टड एकाउण्टेण्टस्), काठमाण्डौं (B.R.B.S. & Associates, Chartered Accountants) बाट प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन सहित आ.व. २०८१/०८२ को प्रस्तुत आर्थिक प्रतिवेदन, चालु आर्थिक वर्ष २०८२/०८३ को अनुमानित स्रोत तथा उपयोग (वासलात) र अनुमानित आम्दानी खर्च (आय व्यय-बजेट) विवरणलाई पारित गरी दिनु हुन यस सम्मानीत साधारण सभा समक्ष प्रस्ताव गर्न चाहन्छु ।

अन्तमा आजको यस ३१ औं बार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्नु हुने सम्पूर्ण उपस्थित सदस्य महानुभावहरू प्रति कृतज्ञता प्रकट गर्दै महान चाड मोहनी नखः, बडादशैं, स्वन्ति नखः, शुभ दिवापली तथा नेपाल सम्बत् ११४६ को उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दै आगामी दिनमा पनि यहाँहरूको अमूल्य सकारात्मक राय सुझावहरु र सहयोग प्राप्त हुने अपेक्षा गर्दै यस आर्थिक प्रतिवेदन यही अन्त्य गर्न चाहन्छु ।

धन्यवाद ! जय उपकार !! जय सहकारी !!!

# आर्थिक वर्ष २०८१/०८२ को यथार्थ तथा आगामी आ.ब. २०८२/०८३ को लक्ष्य

**स्रोत तर्फ :**

| क्र.सं. | पूँजी तथा दायित्व | आ.ब.२०८१/०८२ को | | आ.ब. २०८२/०८३ को लक्ष्य |
|---|---|---|---|---|
| | | लक्ष्य | २०८२ असार मसान्त | |
| १ | शेयर | ११०,०००,०००।०० | ८८,४७२,२००।०० | १००,०००,०००।०० |
| २ | जगेडा तथा अन्य कोष | १०५,०००,०००।०० | ११६,०१३,६१८।१५ | १२०,०००,०००।०० |
| ३ | बचत | १,१००,०००,०००।०० | १,१०२,२४८,९०२।०९ | १,१००,०००,०००।०० |
| ४ | भुक्तानी दिनु पर्ने | १९,५००,०००।०० | ९,०७१,०२९।९२ | १९,५००,०००।०० |
| ५ | मूल्तवि ब्याज | ६,०००,०००।०० | - | ६,०००,०००।०० |
| ६ | ऋण नोक्सानी व्यवास्था | २७,०००,०००।०० | - | २७,०००,०००।०० |
| ७ | बितरण गर्न बाँकी बचत | ३२,५००,०००।०० | - | २७,०००,०००।०० |
| ८ | स्थगतकर दायित्व | | २०५,०९३।८० | - |
| | | | | |
| | जम्मा | १,४००,०००,०००।०० | १,३१६,०१०,८४३।९६ | १,३९९,५००,०००।०० |

**उपयोग तर्फः**

| क्र.सं. | सम्पत्ति विवरण | आ.ब.२०८१/०८२ को | | आ.ब. २०८२/०८३ को लक्ष्य |
|---|---|---|---|---|
| | | लक्ष्य | २०८२ असार मसान्त | |
| १ | नगद | ४,०००,०००।०० | १,९६१,७१९।०० | ४,०००,०००।०० |
| २ | बैंक | २७३,०००,०००।०० | ६६४,९४७,८८३।४८ | २७५,०००,०००।०० |
| ३ | वित्तीय लगानी | २१४,०००,०००।०० | ४,९२०,०००।०० | २१०,०००,०००।०० |
| ४ | ऋण लगानी | ८५७,०००,०००।०० | ६०९,७०६,६६५।०० | ८६२,५००,०००।०० |
| ५ | पाउनु पर्ने | २१,०००,०००।०० | १९,७३७,५८९।६० | २१,०००,०००।०० |
| ६ | स्थीर सम्पत्ति | २५,०००,०००।०० | १४,७३६,९८६।८८ | २०,०००,०००।०० |
| ७ | पाउनु पर्ने ब्याज | ६,०००,०००।०० | | ७,०००,०००।०० |
| | | | | |
| | जम्मा | १,४००,०००,०००।०० | १,३१६,०१०,८४३।९६ | १,३९९,५००,०००।०० |

# आर्थिक बर्ष २०८१/०८२ को यथार्थ आम्दानी खर्च तथा आर्थिक बर्ष २०८२/०८३ को अनुमानित आम्दानी खर्च विवरण

**आम्दानी तर्फ :**

| क.सं. | बजेट शीर्षक | आ.ब. २०८१/०८२ को | | आ.ब. २०८२/०८३ को |
|---|---|---|---|---|
| | | लक्ष्य | २०८२ असार मसान्त | लक्ष्य |
| १ | व्याज | १०३,१००,०००।०० | ६३,१३४,६५८।०० | ८०,२००,०००।०० |
| २ | लगानीबाट व्याज प्राप्त | ३०,०००,०००।०० | २४,४४५,६०७।५३ | २५,०००,०००।०० |
| ३ | लाभांश | ५००,०००।०० | २९९,७५७।०३ | ३००,०००।०० |
| ४ | ऋण संरक्षण शुल्क | ४,०००,०००।०० | ४,८८८,४७०।०० | ५,५००,०००।०० |
| ५ | विविध आम्दानी | १००,०००।०० | १२,३०५।०० | २५,०००।०० |
| ६ | सदस्यता | २५,०००।०० | १३,६००।०० | २५,०००।०० |
| ७ | हर्जना | १,०००,०००।०० | ७४७,७७३।०० | ८००,०००।०० |
| ८ | रेमिटेन्स कमिशन | ५०,०००।०० | १४,६५१।९४ | १८,५००।०० |
| ९ | स्मार्ट बैकिङ्ग | १५०,०००।०० | ९१,२००।०० | १५०,०००।०० |
| | | | | |
| | जम्मा | १३८,९२५,०००।०० | ९३,६४८,०२२।५० | ११२,०१८,५००।०० |

**खर्च तर्फ :**

| क्र.सं. | बजेट शीर्षक | अनुसूची | आ.ब. २०८१/०८२ को | | आ.ब. २०८२/०८३ को |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | २०८२ असार मसान्त | लक्ष्य |
| १ | व्याज खर्च | १ | ९०,५००,०००।०० | ६२,७७७,५४४।०० | ६८,६५०,०००।०० |
| २ | सञ्चालन खर्च | २ | १३,२०८,२००।०० | ९,४०४,५२२।३२ | १३,६२१,७००।०० |
| ४ | कार्यक्रम खर्च | ४ | २,५५०,०००।०० | १,१४४,६९४।०० | २,५५५,०००।०० |
| ३ | सामुदायिक विकास खर्च | ३ | १६६,८००।०० | १०९,०५०।०० | १९१,८००।०० |
| ५ | ऋण नोक्सानी व्यवस्था | | - | २,६८३,९२३।३२ | - |
| | **जम्मा** | | १०६,४२५,०००।०० | ७६,११९,७३३।६४ | ८५,०१८,५००।०० |
| | **बचत (नाफा)** | | ३२,५००,०००।०० | १७,५२८,२८८।८६ | २७,०००,०००।०० |

## अनुमानित खर्च विवरण :

| क.सं. | बजेट शीर्षक | आ.ब. २०८१/०८२ को लक्ष्य | आ.ब. २०८१/०८२ को यथार्थ | आ.ब. २०८२/०८३ को लक्ष्य |
|---|---|---|---|---|
| | **अनुसूची १** | | | |
| १ | ब्याज खर्च | ९०,५००,०००।०० | ६२,७७७,५४४।०० | ६८,६५०,०००।०० |
| | **अनुसूची २** | | | |
| १ | तलब | ५,०००,०००।०० | ३,८७८,२२६।५० | ५,०००,०००।०० |
| २ | अतिरिक्त कार्य पारिश्रमिक | ७००,०००।०० | ६२५,९७७।०० | ७००,०००।०० |
| ३ | उपदान कोष | १५०,०००।०० | १०६,५८०।०० | १५०,०००।०० |
| ४ | पोशाक | ५०,०००।०० | ३७,२००।०० | ७०,०००।०० |
| ५ | मसलन्द | १५०,०००।०० | १११,७५०।०० | १५०,०००।०० |
| ६ | छपाई | ७५,०००।०० | १३,३७६।०० | ७५,०००।०० |
| ७ | क्यालेण्डर | १५०,०००।०० | ८६,७८३।०० | १५०,०००।०० |
| ८ | बार्षिक प्रतिवेदन | १५०,०००।०० | १३९,२१६।०० | २५०,०००।०० |
| ९ | सदस्य शुल्क नविकरण | २५,०००।०० | १०,६७७।०० | २५,०००।०० |
| १० | नगरपालिका कर | २०,०००।०० | १२,४९४।०० | ३०,०००।०० |
| ११ | अतिथि सत्कार/कार्यालय चिया | १२५,०००।०० | ८६,३०८।०० | १२५,०००।०० |
| १२ | यातायात तथा सञ्चार | ६०,०००।०० | ६०,०००।०० | ६०,०००।०० |
| १३ | बैठक भत्ता | ८००,०००।०० | ४०६,२५०।०० | ५७५,०००।०० |
| १४ | बैठक खाजा खर्च | ७५,०००।०० | ५१,३२०।०० | ७५,०००।०० |
| १५ | कार्यालय व्यवस्थापन | १००,०००।०० | ४३,३२१।७५ | १५०,०००।०० |
| १६ | विज्ञापन | २०,०००।०० | २९,७५३।०० | २०,०००।०० |
| १७ | पत्रिका | २०,०००।०० | १,०००।०० | १०,०००।०० |
| १८ | टेलिफोन/सञ्चार | ११५,०००।०० | ७२,२८२।०० | १००,०००।०० |
| १९ | बिजुली | ५०,०००।०० | ३४,४२५।२५ | ६०,०००।०० |
| २० | खानेपानी | १०,०००।०० | १२,७८०।०० | २०,०००।०० |
| २१ | साधारण सभा | २,५००,०००।०० | १,७८९,५०६।०० | २,९००,०००।०० |
| २२ | परिवहन | ३०,०००।०० | | ३०,०००।०० |
| २३ | लेखा परिक्षण शुल्क | ३५०,०००।०० | २२६,०००।०० | २२६,०००।०० |
| २४ | लेखा परिक्षण खर्च | १००,०००।०० | २१,७७०।०० | १००,०००।०० |
| २५ | आन्तरिक लेखा परिक्षण | ८०,०००।०० | २४४,०००।०० | ८०,०००।०० |
| २६ | प्रवर्द्धन खर्च | १००,०००।०० | ४७,०५०।०० | १००,०००।०० |
| २७ | सफ्ट वयर (ए.एम.सी.) | ४००,०००।०० | ३१३,३२४।७५ | ५००,०००।०० |
| २८ | मर्मत | ५०,०००।०० | - | ५०,०००।०० |
| २९ | ह्रास कट्टी | ३००,०००।०० | १६५,५१९।१५ | ३००,०००।०० |
| ३० | ऋण संरक्षण शुल्क फिर्ता | १५०,०००।०० | ९५,०००।०० | १५०,०००।०० |
| ३१ | स्तरिकरण कार्यक्रम | २००,०००।०० | - | २५०,०००।०० |
| ३२ | आर्थिक सहयोग | १५,०००।०० | १४,०००।०० | १५,०००।०० |
| ३३ | अध्ययन भ्रमण | ५०,०००।०० | ६८,८००।०० | ८०,०००।०० |
| ३४ | विमा | १,०००,०००।०० | ५९१,६००।०५ | १,०००,०००।०० |
| ३५ | बैक चार्ज | १०,०००।०० | ५,७७६।२३ | १०,०००।०० |
| ३६ | विविध | २८,२००।०० | २,४५६।६४ | ३५,७००।०० |
| | **सञ्चालन खर्च** | १३,२०८,२००।०० | ९,४०४,५२२।३२ | १३,६२१,७००।०० |

| | | | | |
|---|---|---|---|---|
| | **अनुसूची ३** | | | |
| १ | बृद्ध भत्ता | १६,८००।०० | ८,४००।०० | १६,८००।०० |
| २ | साँस्कृतिक प्रवर्द्धन | ५०,०००।०० | ५६,५९०।०० | ७५,०००।०० |
| ३ | सामुदायिक विकास | १००,०००।०० | ४४,०६०।०० | १००,०००।०० |
| | | | | |
| | सामुदायिक विकास खर्च | १६६,८००।०० | १०९,०५०।०० | १९१,८००।०० |
| | **अनुसूची ४** | | | |
| १ | सुत्केरी भेटघाट | १००,०००।०० | ३४,०००।०० | १००,०००।०० |
| २ | क्षमता अभिबृद्धि तालिम कार्यक्रम | २५०,०००।०० | ५६,०४५।०० | २५०,०००।०० |
| ३ | सहकार्य कार्यक्रम | ५०,०००।०० | - | ७५,०००।०० |
| ४ | स्थापना दिवस कार्यक्रम | २००,०००।०० | ९७,४४०।०० | २००,०००।०० |
| ५ | सदस्य सन्तुष्टि सर्भेक्षण | ७५,०००।०० | - | ७५,०००।०० |
| ६ | पुरस्कार | १५०,०००।०० | - | ७५,०००।०० |
| ७ | कार्ययोजना निर्माण/समीक्षा | २००,०००।०० | ५२,८१०।०० | १५०,०००।०० |
| ८ | झोला | ३००,०००।०० | ३५०,६९५।०० | ४००,०००।०० |
| ९ | प्रचार सामाग्री | ५०,०००।०० | - | ५०,०००।०० |
| १० | कृषि उत्प्रेरणा कार्यक्रम/तालिम | ३०,०००।०० | | ३०,०००।०० |
| ११ | नेतृत्व विकास तालिम | २५,०००।०० | - | २५,०००।०० |
| १२ | संस्कृति संरक्षण | ७५,०००।०० | - | ७५,०००।०० |
| १३ | जेष्ठ नागरिक भ्रमण | २००,०००।०० | ९६,७९९।०० | २००,०००।०० |
| १४ | जेष्ठ नागरिक सम्मान | ३००,०००।०० | २२५,९७७।०० | ३००,०००।०० |
| १५ | खुल्ला रक्तदान कार्यक्रम | २५,०००।०० | ७,३१०।०० | २५,०००।०० |
| १६ | स्वास्थ्य शिविर | ७५,०००।०० | | ७५,०००।०० |
| १७ | स्वास्थ्य सम्बन्धी जनचेतानामुलक | २५,०००।०० | | २५,०००।०० |
| १८ | नारी चेतनामुलक कार्यक्रम | १५,०००।०० | - | १५,०००।०० |
| १९ | उपकार शिक्षा सम्मान | २५,०००।०० | | ३०,०००।०० |
| २० | सहकारी शिक्षा शिविर | ३०,०००।०० | ४,५४०।०० | ३०,०००।०० |
| २१ | बाल बचत कर्ता उत्प्रेरणा कार्यक्रम | ३००,०००।०० | २१९,०७८।०० | ३००,०००।०० |
| २२ | सीपमुलक (बेकरी तालिम/फुरन्दाना/आलु चिप्स) | ५०,०००।०० | | ५०,०००।०० |
| | **जम्मा कार्यक्रम खर्च** | २,५५०,०००।०० | १,१४४,६९४।०० | २,५५५,०००।०० |